puthauttargangamun.gov.np
puthauttargangamun@gmail.com

पुथा उत्तरगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तकसेरा, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

पुथा उत्तरगंगा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तकसेरा, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

प्रथम पटक सूचना प्रकाशित मितिः २०७९।१०।१२

## करार सेवामा लघु उद्यम विकास सहजकर्ता आवश्यकता सम्बन्धी सूचना !

### विज्ञापन नं. ०६-२०७९।०८० (मिति : २०७९।१०।१२)

पुथा उत्तरगङ्गा गाउँपालिकालाई विविध सेवा तर्फको लघु उद्यम विकास सहजकर्ता (विविध सेवा, चौथो तह) तपसिल बमोजिम आवश्यक परेको हुँदा योग्यता पुगेका इच्छुक व्यक्तिहरुबाट रीतपूर्वकको दरखास्त आव्हान गरिएको छ ।

तपसिल :

विज्ञापन नं. : ०६-२०७९।०८०

पद : लघु उद्यम विकास सहजकर्ता (सहायक चौथो तह सरह)

माग पद सङ्ख्या : १(एक)

शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट उद्यम विकास सहजकर्ता विषयमा कम्तीमा Level-2 वा TSLC वा सो सरह उतीर्ण गरेको ।

उमेर : १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको ।

परीक्षाको किसिम : लिखित, मौखिक दुवै ।

१.दरखास्त दस्तुर : रु. ४००।(दरखास्त दस्तुर सिद्दार्थ बैंक लिमिटेड, पुथा उत्तरगङ्गा शाखास्थित आन्तरिक राजश्व खाता नं. 01415359946 ग.१.१ पुथा उत्तरगङ्गा गा.पा.(आन्तरिक राजश्व खाता) मा रकम जम्मा गरेको सक्कलै भौचर कार्यालयमा पेश गर्नुपर्नेछ ।

२. दरखास्त दिने अन्तिम मिति : विज्ञापन प्रकाशित भएको मितिदेखि ७ दिन भित्र वा २०७९।१०।१८ गते कार्यालय समय (साँझ ५ बजे) भित्र ।

३. दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरु : नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, हालसालै खिचेको पासपोर्ट साईजको फोटो (३ प्रति), शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपि (उम्मेदवारले प्रतिलिपिको पछाडी सक्कल बमोजिम नक्कल ठीक छ भनी स्वयंले दस्तखत गरेको हुनुपर्ने ।)

४. दरखास्त फाराम पाइने स्थान : पुथा उत्तरगङ्गा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा रु.१०० तिरी प्राप्त गर्न सकिनेछ । साथै पुथा उत्तरगङ्गा गाउँपालिकाको वेबसाइट www.puthauttargangamun.gov.np बाट निशुल्क डाउनलोड पनि गर्न सकिनेछ । (हातले उतार गरेको फारामलाई मान्यता दिइने छैन ।)

५. पहिलो प्राथमिकता पुथा उत्तरगङ्गा गाउँपालिकाभित्र स्थायी बसोबास भएका उम्मेदवारलाई दिइनेछ । तर पुथा उत्तरगङ्गा गाउँपालिकाभित्र स्थायी बसोबास भएका उम्मेदवार लिखित परीक्षामा अनुतीर्ण भएमा अन्य स्थानीय तहका उम्मेदवारलाई पनि समावेश गरिनेछ ।तर दरखास्त फाराम भर्नबाट कसैलाई पनि वञ्चित गरिने छैन ।

६. कुनै कागजात पछि पेश गर्ने भनी शर्त राखेको दरखास्त स्वीकृत गरिने छैन ।

७. उम्मेदवार कुनै फौजदारी अभियोगमा सजाय नपाएको हुनु पर्नेछ ।फौजदारी अभियोगमा सजाय पाएको भेटिएमा जुनसुकै अवस्थामा पनि दरखास्त रद्द गरिनेछ ।

८. सेवा सुविधा : नेपाल सरकारले तोके बमोजिम ।

२०७९।१०।१२

नि.प्रमुख प्रशासकीय अधिकृत

समिर गिरी

नि.प्रमुख प्रशासकीय अधिकृत